# माघ १३ (Jan 27) बाट फाल्गुन ३ ( Feb 15) गतेसम्म प्रतिस्पर्धात्मक अनुदानको म्याद थप गरिएको बारेमा सूचना

DGM NEPAL

डीजीएम नेपालः आदिवासी जनजाती र स्थानीय समुदायको समृद्धिको लागि दिगो वन व्यवस्थापन

## प्रतिस्पर्धात्मक अनुदानको लागि आशय पत्र आव्हान (Expression of Interest)

विश्व बैंकबाट प्राप्त भएको आदिवासी जनजाति र स्थानीय समुदायको लागि समर्पित अनुदान संयन्त्र DGM Nepal परियोजनाको लागि नेपाल ग्रामीण पुनर्निर्माण संस्था राष्ट्रिय कार्यकारी निकाय National Executing Agency (NEA) हो DGM Nepal लाई मार्गनिर्देशन गर्नको लागि नेपाल आदिवासी जनजाति महासंघ र सामुदायिक वन उपभोक्ता महासंघको सहनेतृत्वमा १५ वटा सामाजिक संस्थाहरु सहितको राष्ट्रिय संचालन समिति National Steering Committee (NSC) रहेको छ । यस परियोजना अन्तर्गत मधेश र लुम्बिनी प्रदेशका वन तथा गैरकाष्ठ वन पैदाचरमा आधारित साना तथा मझौला लघुउद्यम विकास र प्रवर्धनका लागि योग्य र संभावित संघ संस्थाहरुलाई आशय पत्र सहित आवेदन पेश गर्नका लागि यो सूचना प्रकशित गरिएको छ ।

**उद्देश्यः** यस प्रतिस्पर्धात्मक अनुदानले नेपाल सरकारको समृद्धिका लागि वन परियोजना अन्तर्गत समर्थित गतिविधिहरुको पूरकको रुपमा काम गर्नेछ। यस परियोजनाले जलवायु परिवर्तन न्यूनीकरण, जैविक विविधता संरक्षण र प्रकृतिमा आधारित समाधान जस्ता विभिन्न उपलब्धिहरु हासिल गर्दै आदिवासी जनजाती र स्थानीय समुदायहरू (IPPLCS) समावेश गरेर जीविकोपार्जन बढाउन, वन विनाश र वन क्षयबाट हुने उत्सर्जन न्यूनीकरण (REDD+), दिगो वन व्यवस्थापन (SFM) लाई प्रवर्धन गर्नेछ ।

यसले सामाजिक आर्थिक सम्भाव्यता, दीर्घकालीन प्रभाव, सामुदायिक समर्थन र स्थानीय परम्परागत ज्ञान तथा सीपहरूको विकासलाई प्राथमिकता दिनेछ । साथै यस परियोजनाले समावेशीता, पारदर्शिता र तटस्थताका आधारमा बनमा आश्रित आदिवासी जनजाति तथा स्थानीय समुदायको साथै अल्पसंख्यक, महिला, युवा, सीमान्तकृत र पिछडिएका समूह, अपाङ्गता भएका व्यक्तिहरूलाई लाभ हुने किसिमका परियोजनाहरुलाई प्राथमिकता दिनेछ ।

### योग्यताका न्यूनतम मापदण्डहरु

यस परियोजनाका प्रतिस्पर्धात्मक अनुदानको लागि कानूनी रूपमा मधेश र लुम्बिनी प्रदेशहरुका जिल्लाहरूमा र डीजीएम नेपाल परियोजनाले तोकेको पालिकाहरूमा दर्ता भएका आदिवासी जनजाति तथा स्थानीय समुदायका समूह तथा संघ संस्था जस्तैः

- आदिवासी जनजाति संघ, संस्था, समूह र स्थानीय समुदायहरूको संघ गैर सरकारी संस्था
- स्थानीय रूपमा दर्ता भएका संस्था जस्तै CBO, सहकारी, किसान समूह, युवा समूह, महिला समूह तथा अपाङ्गता भएका व्यक्तिहरुको समूह
- प्रथाजनित संस्था वा समूह
- सामुदायिक वन उपभोक्ता समूह

प्रस्तावित साना तथा मझौला लघु उद्यमहरू / परियोजनाहरु वन विनाश र वन क्षयबाट हुने उत्सर्जन न्यूनीकरण गर्ने, जलवायु अनुकूललाई प्रवर्द्धन गर्ने हुनुपर्दछ आवेदन गर्ने यस्ता साना तथा मझौला लघु योजनाहरू नेपालको समृद्धिका लागि वन तथा दीजीएम नेपाल परियोजना संचालन भएका लुम्बिनी र मधेश प्रदेशका तोकिएका गाउँपालिका नगरपालिकाहरूबाट मात्र आउनुपर्ने छ । तोकिएका कार्यक्षेत्रहरूको नामावली तल उल्लेखित वेबसाइटमा उपलब्ध छ ।

नोट: व्यक्तिगत तथा एकल स्वामित्व/व्यक्तिगत रूपमा सञ्चालन गरिएका फर्महरू यस प्रतिस्पर्धात्मक अनुदानमा सहभागी हुन पाउने छैनन्।

न्यूनतम मापदण्ड पूरा गरेका इच्छुक संघ संस्था तथा सामुदायिक समूहहरूले अधिकतम रु. ६४,००,००० (चौंसठी लाख) सम्मको बजेटसहित आशय पत्र, संस्थाको दर्ता कागजात, संस्थागत प्रोफाइल तथा अडिट प्रतिवेदन पेश गर्नुपर्नेछ । हार्ड कपी वा सफ्ट कपी दुवै माध्यमबाट निवेदन स्वीकार गरिनेछ ।

आवेदन फारमः www.dgmnepal.org बाट आवेदन फारम र अनुदान सम्बन्धित अन्य कागजातहरु र पेश गर्नुपर्ने आवश्यक सूचनाहरु डाउनलोड गर्न सक्नुहुनेछ ।

**निवेदन दिनु पर्ने मितिः**
१४ पौष २०८२ देखि ३ फागुन २०८२
(29th Dec, 2025 To February 15, 2026) ।
समय अवधि पछि प्राप्त भएका आवेदनहरु मान्य हुनेछैन।

**आशय पत्र पेशका लागि ठेगाना :**
नेपाल ग्रामीण पुनर्निर्माण संस्था
२८८ गैरीधारा मार्ग, काठमाडौं, नेपाल,
**इमेलः cfp.dgmnepal@rrn.org.np**

सबै आवेदनहरूलाई आशय पत्र निर्देशिका अनुसार पर्याप्त कागजात, प्राविधिक, व्यवस्थापकीय, सामाजिक तथा वातावरणीय र वित्तीय जाँचको आधारमा मूल्यांकन गरिनेछ । आशयपत्र छनौट तथा स्वीकृत आवेदनको निर्णय वेबसाइटमा पोस्ट् गरिनेछ । आशय पत्र स्वतन्त्र निष्पक्ष र विशेषज्ञ समूहबाट छनौट गरिनेछ । यस सम्बन्धमा कनै संस्थाको पक्षमा वा कनै प्रकारको अनावश्यक दबाब आएको ठहर भएमा उक्त संस्थाले पेश गरेको आशय पत्र स्वतः खारेज हुनेछ ।

# लुम्बिनी प्रदेशका लक्षित नगरपालिकाहरूको सूची

| क्र.स. | जिल्लाहरू | नगरपालिकाहरू |
|---|---|---|
| १ | नवलपरासी पश्चिम | १. सुनवल<br>२. सारवल |
| २ | रुपन्देही | १. सैनामैना<br>२. कन्चन<br>३. देवदह<br>४. लुम्बिनी सांस्कृतिक |
| ३ | पाल्पा | १. बगनाशकाली<br>२. तिनाउ<br>३. राइनादेवी छहरा |
| ४ | कपिलवस्तु | १. शिवराज<br>२. बुद्धभूमि<br>३. बनगंगा |
| ५ | अर्घाखाँची | १. शितगंगा<br>२. पानिनी |
| ६ | प्युठान | १. सरुमारानी |
| ७ | रोल्पा | १. रुन्टीगढी |
| ८ | दाङ | १. घोराही<br>२. लामही<br>३. राप्ती<br>४. बांग्लाचुली |
| ९ | बाँके | १. कोहलपुर<br>२. बैजनाथ<br>३. खजुरा |
| १० | बर्दिया | १. बाँसगढी<br>२. बधैयाताल |

DGM NEPAL

www.dgmnepal.org

## परियोजनाको उद्देश्य

यो अनुदान नेपाल सरकारको 'समृद्धिका लागि वन' परियोजनाको पूरकका रूपमा कार्य गर्नेछ। यसले:

- जलवायु परिवर्तन न्यूनीकरण
- जैविक विविधता संरक्षण
- प्रकृतिमा आधारित समाधान
- आदिवासी जनजाति तथा स्थानीय समुदाय (IPLCs) को जीविकोपार्जन सुदृढीकरणलाई प्रवर्द्धन गर्नेछ।



DGM Nepal

DGM NEPAL

www.dgmnepal.org

# कस्ता परियोजनाका लागि?

## प्रस्तावित साना तथा मझ्यौला उद्यम/परियोजना हरूले:

- वन विनाश र वन क्षय न्यूनीकरण गर्न
- जलवायु-अनुकूल अभ्यास प्रवर्द्धन गर्न
- REDD+ र दिगो वन व्यवस्थापन (SFM) समर्थन गर्न पर्नेछ।



DGM Nepal

**आवेदन मधेश र लुम्बिनी प्रदेशका DGM Nepal ले तोकेका गाउँपालिका/नगरपालिकाबाट मात्र स्वीकार गरिनेछ। कार्यक्षेत्रको सूची वेबसाइटमा उपलब्ध छ।**

DGM NEPAL

www.dgmnepal.org



# कसले आवेदन दिन सक्छ?

यस प्रतिस्पर्धात्मक अनुदानका लागि मधेश र लुम्बिनी प्रदेशका DGM Nepal ले तोकेका पालिकामा कानूनी रूपमा दर्ता भएका निम्न संस्थाहरूले आवेदन दिन सक्छन्:

- आदिवासी जनजाति तथा स्थानीय समुदायका संघ, संस्था र समूह
- गैरसरकारी संस्था (NGO)
- स्थानीय रूपमा दर्ता भएका CBO, सहकारी, किसान, महिला, युवा तथा अपाङ्गता भएका व्यक्तिहरूका समूह
- प्रथाजनित (Customary) संस्था वा समूह

**व्यक्तिगत वा एकल स्वामित्वमा सञ्चालन भएका फर्महरू योग्य हुँदैनन्।**

DGM Nepal

DGM NEPAL

www.dgmnepal.org

# डीजीएम नेपालः आदिवासी जनजाति र स्थानीय समुदायमा समर्पित अनुदान परियोजना अन्तर्गतको प्रतिस्पर्धात्मक अनुदानको लागि आशय पत्र (Expression of Interest) आव्हानको म्याद थप बारे सूचना

## Expression of Interests



DGM NEPAL

डीजीएम नेपाल: आदिवासी जनजाति र स्थानीय समुदायको समृद्धिको लागि दिगो वन व्यवस्थापन

प्रतिस्पर्धात्मक अनुदानको लागि आशय पत्र आह्वान

(Expression of Interest)

ब्याट प्राप्त भएको आदिवासी जनजाति र स्थानीय समुदायको लागि समर्पित अनुदान संयन्त्र- DGM Nepal परियोजनाको लागि नेपाल ग्रामीण
ष्ट्रिय कार्यकारी निकाय-National Executing Agency (NEA) हो । DGM Nepal लाई मार्गनिर्देशन गर्नको लागि नेपाल आदिवासी जन
क वन उपभोक्ता महासंघको सहनेतृत्वमा १५ वटा सामाजिक संस्थाहरु सहितको राष्ट्रिय संचालन समिति-National Steering Comm
र परियोजना अन्तर्गत मधेश र लुम्बिनी प्रदेशका वन तथा गैर-काष्ठ वन पैदावरमा आधारित साना तथा मझौला लघुउद्यम विकास र प्रव
संस्थाहरुलाई आशय पत्र सहित आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| अनुदानले नेपाल सरकारको | योग्यताका न्यूनतम मापदण्डहरु |
|---|---|

DGM Nepal